नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## आगामी वर्षको बजेट र मौद्रिक नीति सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०७०-७१ को बजेटका लागि नेपाल सरकार समक्ष पेश गर्ने 'पूर्व बजेटकालीन प्रतिवेदन' को तयारी र मौद्रिक नीतिको तर्जुमाका लागि सरोकारवालाहरूबाट सुझाव सङ्कलन गर्ने उद्देश्यले जेठ ५ गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा उद्योग, वाणिज्य, व्यापार, बैंक-वित्त, सहकारी, निर्माण, घरजग्गा लगायतका क्षेत्रका संघ-संगठनहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



अन्तरक्रिया कायक्रमको उद्देश्यमाथि प्रकाश पार्दै गभर्नर डा. युवराज खतिवडाले नेपाल सरकारको आर्थिक सल्लाहकारको रुपमा बजेट तर्जुमाका लागि बैंकले उद्योगी व्यवसायीहरुसँग पूर्व बजेट सर्भेक्षण मार्फत् सुझाव तयार गरी बर्सेनी नेपाल सरकारलाई सुझाव दिने गरेको सन्दर्भमा आगामी आर्थिक वर्षको बजेट तयार गर्नको निमित्त सरकारलाई सुझाव दिन साथै आगामी मौद्रिक नीति तर्जुमाका लागि समेत सुझाव सङ्कलन गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले मुलुकको आर्थिक अवस्थाबारे सङ्क्षिप्त प्रकाश पार्दै राजनैतिक संक्रमण, प्रतिकूल मौसम, श्रम सम्बन्धमा समेत खासै सुधार नआएको र सरकारको पूर्ण बजेट समयमै आउन नसकेको अवस्थामा परिप्रेक्ष्यमा ४ प्रतिशत जति आर्थिक वृद्धि हासिल हुनु सन्तोषजनक मान्नुपर्ने बताउनुभयो । उहाँले भारतीय सीमावर्ती क्षेत्रमा मूल्य वृद्धि न्यूनीकरण हुनुका साथै थोक मुदास्फीति कम हुँदै गएकाले आगामी दिनमा समग्र मुद्रास्फीति कम हुँदै जाने आशा व्यक्त गर्दै आगामी वर्षका लागि उत्पादन मैत्री बजेट तथा मौद्रिक नीति तर्जुमाका लागि वस्तुगत सुझाव दिन उद्योगी व्यवसायीलाई आग्रह गर्नुभयो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले कार्यक्रममा विषय प्रवेश गर्नुहुँदै उद्योगी व्यवसायीले बजेट र मौद्रिक नीतिका लागि दिने व्यावहारिक सुझावले सरकार तथा राष्ट्र बैंक दुवैलाई मार्गदर्शन गर्ने धारणा राख्नुभएको थियो ।



कार्यक्रममा सहभागी सरोकारवाला प्रतिनिधिहरुले मुलुकमा जनशक्ति पलायन, उत्पादन प्रक्रियामा ह्रासोन्मुखता, बढ्दो बिचौलिया प्रवृत्ति, बढ्दो आयात तथा घट्दो निर्यातको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उत्पादन तथा उद्यममैत्री व्यावसायिक वातावरण बनाउने गरी बजेट तथा मौद्रिक नीति ल्याउन सुझाव दिएका थिए । उनीहरुले बजेट तर्जुमाका लागि सहकारी मैत्री नीति, पशु तथा साना व्यवसाय विस्तार, उत्पादित वस्तुको बजारीकरणमा कृषकको सहभागिताको प्रवर्द्धन, अर्ग्यानिक कृषि प्रणालीको प्रवर्द्धन, युवालाई कृषिमा आकर्षण, सामूहिक भूउपयोग र खेती प्रणाली, व्यवस्थित सहरीकरण, करका दर परिमार्जन, कृषि उपज तथा निर्यातमा अनुदान, निक्षेप बीमा, बीमा बण्डको व्यवस्था लगायतका विषयमा सुझाव दिएका थिए ।

मौद्रिक नीति तर्जुमाका लागि बैंक तथा वित्तीय संस्थाहरुको कर्जाको व्याज न्यूनीकरण, पुनर्कर्जाको अवधिमा व्यावहारिक परिमार्जन, वित्तीय पहुँच र सेवा अभिवृद्धि, सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना, तरलता समस्याको समाधान, विपन्न वर्ग र उत्पादनशील कर्जाको दायरा विस्तार, विकास बैंक र वित्त कम्पनीले पनि बैंक ग्यारेन्टी जारी गर्ने व्यवस्था, कर्जा नोक्सानी व्यवस्थामा सुधार, वित्तीय सेवा न्यून रहेका दुर्गम जिल्लामा शाखा विस्तार गर्दा दिने सुविधामा परिमार्जन, तथा नेपाल-भारत सीमा क्षेत्रमा बैंकिङ सेवा विस्तार लगायतका विषयमा सुझाव राखेका थिए ।

कार्यक्रममा बिमा समितिका अध्यक्ष प्रा.डा. फत्तबहादुर के.सी.ले बिमा कम्पनीहरुलाई मर्जरमा जाँदा सहुलियत प्रदान गर्नुपर्ने तथा धितोपत्र बोर्डका अध्यक्ष बाबुराम श्रेष्ठले म्युचुअल फण्डप्रति आकर्षण बढाउन कर सहुलियत प्रदान गर्न सुझाव दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले, महाप्रसाद अधिकारी, कार्यकारी निर्देशक, निर्देशक लगायत विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

२०७० जेठ ५ गते, आइतबार

गभर्नरको कार्यालय